ठाकुरबाबा नगरपालिकाका प्रमुख श्री तिलकराम लम्सालज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्नानुसारको उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णयहरु गरियो।

- आ. ब. २०८१।०८२ को बैठक सङ्ख्या: १४
- कुल बैठक संख्या: २४८
- यस कार्यकालको बैठक संख्या: ८२

मितिः २०८२।०१।१९ गते शुक्रबार
स्थानः ठाकुरबाबा नगरपालिकाको सभा हल
समयः दिनको ०२:०० बजे

उपस्थितिः

| क. सं. | पदाधिकारीको नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री तिलक राम लम्साल | अध्यक्ष | |
| २. | श्री विना कुमारी भट्टराई | सदस्य | |
| ३. | श्री निमराज खनाल | सदस्य | |
| ४. | श्री कमल प्रसाद चपाई | सदस्य | |
| ५. | श्री श्रीकृष्ण थारु | सदस्य | |
| ६. | श्री अमिन थारु | सदस्य | |
| ७. | श्री शम्भु प्रसाद थारू | सदस्य | |
| ८. | श्री जय प्रसाद पौडेल | सदस्य | |
| ९. | श्री कलम बहादुर विष्ट | सदस्य | |
| १०. | श्री टेक बहादुर बडुवाल सिजापति | सदस्य | |
| ११. | श्री राधा चौधरी | सदस्य | |
| १२. | श्री सरिता थारू | सदस्य | |
| १३. | श्री राम रानी थारू | सदस्य | |
| १४. | श्री सुस्मा खड्का | सदस्य | |
| १५. | श्री रिता कुमारी चौधरी | सदस्य | |
| १६. | श्री सावित्रा थापा | सदस्य | |
| १७. | श्री मोहन सुनार | सदस्य | |
| १८. | श्री शिव बहादुर वि. क. | सदस्य | |
| १९. | श्री पुजा सुनार | सदस्य | |
| २०. | श्री नारायण प्रसाद ढकाल | सचिव | |

सहजीकरण:

| | | | |
|---|---|---|---|
| २१. | श्री सुदिप सिंह सुनार | वरिष्ठ शे.अ | |
| २२. | श्री ओम ब. राना क्षेत्री | वरिष्ठ प्र.अ | |
| २३. | श्री अनन्त राज सुवेदी | प्र.अ | |
| २४. | श्री सुनिल पोखेल | सहायक (पाँचौं) | |

विक्रम सम्वत् २०८२ साल वैशाख १९ गते शुक्रवार दिनको २:०० बजे नगर कार्यपालिकाको कार्यालयमा बसेको २४८ औं कार्यपालिका बैठकबाट भएका निर्णयहरू देहाय बमोजिम रहेका छन्।

<u>प्रस्तावहरू:</u>

१. बैठकको समीक्षा सम्वन्धमा।

२. वैदेशिक भ्रमण स्वीकृतिका लागि सिफारिस गर्ने सम्वन्धमा।

३. "घ" वर्ग निर्माण व्यवसायी इजाजतपत्रको नामसारी सम्वन्धमा।

४. जिल्ला अदालतलाई सहयोग गर्ने सम्वन्धमा।

५. नेपाल आर्मीलाई डस्टविन सहयोग गर्ने सम्वन्धमा।

६. नेपाल प्रहरीलाई सवारी साधन व्यवस्थापन गर्ने सम्वन्धमा।

७. वडा नं. ५ को जग्गा नापजाँच सम्वन्धमा।

८. स्रोत सुनिश्चिता तथा ठेक्का व्यवस्थापन सम्वन्धमा।

९. सम्झौता गरी पेश्की रकम उपलब्ध गराउने सम्वन्धमा।

१०. सामाजिक सुरक्षा कोषमा आवद्ध हुने सम्वन्धमा।

<u>निर्णयहरू:</u>

१. ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको यस अघि बसेको बैठकले गरेका निर्णयहरूको कार्यान्वयनको अवस्था तपसिल बमोजिम रहेको पाइयो।

<u>तपसिल:</u>

| क. सं. | प्रस्तावहरु | कार्यान्वयनको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|
| | | भएको | नभएको | प्रक्रियामा रहेको | |
| १ | प्राविधिक समितिको संयोजक मनोनित गर्ने सम्वन्धमा | ✓ | | | प्राविधिक समितिको संयोजक मनोनित गरिएको |
| २ | दीर्घ रोगीहरुको नामावली स्वीकृति तथा उपचार खर्च निकासा सम्वन्धमा | ✓ | | | दीर्घ रोगीहरुको नामावली स्वीकृत गरिएको |
| ३ | योजना कार्यान्वयन सम्वन्धमा | ✓ | | | योजना कार्यान्वयन प्रक्रिया अगाडि बढेको |
| ४ | "घ" वर्ग निर्माण व्यवसायी इजाजतपत्र नामसारी तथा नवीकरण सम्वन्धमा | ✓ | | | "घ" वर्ग निर्माण व्यवसायी इजाजतपत्र नवीकरण गरिएको |
| ५ | विद्यालय शिक्षा क्षेत्र योजना (२०८१।०८२-२०८५।०८६) सम्वन्धमा | ✓ | | | विद्यालय शिक्षा योजना स्वीकृत गरिएको |
| ६ | आ. व. २०८२।०८३ को लागि प्रदेश समपूरक योजना माग गर्ने सम्वन्धमा | ✓ | | | आ. व. २०८२।०८३ को लागि प्रदेश समपूरक योजना पेश गरिएको |
| ७ | आ. व. २०८२।०८३ को लागि प्रदेश समपूरक योजना माग गर्ने सम्वन्धमा | ✓ | | | आ. व. २०८२।०८३ को लागि प्रदेश विशेष योजना पेश गरिएको |
| ८ | रकम भुक्तानी सम्वन्धमा | ✓ | - | | यातायात वापतको रकम भुक्तानी गरिएको |

नारायण प्रसाद ढकाल
[illegible] अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | नीलसागर सेवाश्रम, नेपालगञ्ज बाँकेलाई सहयोग गर्ने सम्बन्धमा | ✓ | | | नीलसागर सेवाश्रमलाई खाद्यान्न उपलब्ध गराइएको |
| १० | भूमि समस्या समाधान आयोग, जिल्ला समिति बर्दियालाई सहयोग गर्ने सम्बन्धमा | ✓ | | | भूमि समस्या समाधान आयोग, जिल्ला समिति बर्दियालाई सहयोग गरिएको |
| ११ | बिल्ड अन नेपालसँगको लागत साझेदारीमा निर्माण हुने विद्यालय भवनको अनुदान निकासा सम्बन्धमा | ✓ | | | अनुदान रकम निकासा गरिएको |
| १२ | स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोष सञ्चालन कार्यविधि, २०७५ को दोस्रो संशोधन, २०८२ सम्बन्धमा | ✓ | | | कार्यविधि संशोधन गरिएको |
| १३ | अनुदान उपलब्ध गराउने सम्बन्धमा | ✓ | | | प्रक्रिया अगाडि बढाइएको |
| १४ | नदीजन्य पदार्थको रोयल्टी रकम PS Item मा राख्ने सम्बन्धमा | | | ✓ | सम्बन्धित निकायलाई पत्राचार गर्न बाँकी रहेको |
| १५ | ठाकुरबाबा नगरपालिकामा कर्मचारीहरुको तह मिलान तथा तह वृद्धि सम्बन्धी निर्देशिका, २०८१ सम्बन्धमा | ✓ | | | निर्देशिका पारित गरी राजपत्रमा प्रकाशन गरिएको |

२. २५६९ औं बुद्ध जयन्तीको अवसरमा ठाकुरबाबा नगरपालिकाका प्रमुख श्री तिलकराम लम्सालज्यूलाई थाइल्याण्ड सरकारबाट वैदेशिक भ्रमणको निमन्त्रणा प्राप्त भएको हुँदा वैदेशिक भ्रमण स्वीकृतिका लागि आवश्यक प्रक्रिया अगाडि बढाइदिनका लागि श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारमा सिफारिस गरी पठाउने निर्णय गरियो।

३. "ठाकुरबाबा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ (तेस्रो संशोधन, २०७९ सहित)" बमोजिम इजाजतपत्र जारी भएको तपसिल बमोजिमको फर्म श्री घरेलु तथा साना उद्योग कार्यालय, गुलरिया बर्दियाबाट नामसारी भई सकेको हुँदा इजाजतपत्रको समेत नामसारी गरिदिनका लागि सोही कार्यविधिको दफा ६ को उपदफा ४ बमोजिमका कागजातहरु सहित निवेदन पेश भएकोमा कार्यविधिको दफा ६ को उपदफा ६ बमोजिम ठाकुरबाबा नगरपालिकाको आर्थिक ऐन, २०८१ ले तोकेको दस्तुर लिई "घ" वर्ग निर्माण व्यवसायी ईजाजतपत्रको तपसिल बमोजिम नामसारी निर्देशन दिने निर्णय गरियो।

<u>तपसिल:</u>

| क्र. सं. | फर्मको नाम | फर्मको ठेगाना | प्रोपाइटरको नाम | नामसारी हुने फर्म वा प्रोपाइटरको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुरभी निर्माण सेवा | ठाकुरबाबा-१ | चाँदनी रावत | सुरभी निर्माण सेवा, जगत जंग शाही | नामसारी |

४. बर्दिया जिल्ला अदालत, गुलरिया बर्दियाको च. नं. ७६५०, मिति २०८२।०१।१६ गतेको पत्रानुसार अदालतमा रहेका फर्निचर र सामाग्रीहरु पुरानो र जीर्ण अवस्थामा रहेको हुँदा सेवा प्रवाहमा असहज भएको हुँदा फर्निचर र फर्निसिङ्ग सामाग्रीहरु उपलब्ध गराइदिनुहुन भनी अनुरोध भई आएकोमा यस नगरपालिकाको आ. व. २०८१।०८२ को स्वीकृत बार्षिक वजेट तथा कार्यक्रम अन्तर्गतको चालु तथा प्रशासनिक खर्च शीर्षकमा विनियोजित बजेटबाट खर्च लेखाङ्कन गर्ने गरी फर्निचर र फर्निसिङ्ग ,सामाग्रीहरु उपलब्ध गराउने निर्णय गरियो।

प्रसाद ढकाल
अधिकृत

५. नेपाल आर्मीले यस नगरपालिकाबाट केही थान डस्टबिन उपलब्ध गराइदिनका लागि अनुरोध गरेको हुँदा आ. ब. २०८१।०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतको चालु तथा प्रशासनिक खर्च शीर्षकमा विनियोजित बजेटबाट खर्च लेखाङ्कन गर्ने गरी डस्टबिन उपलब्ध गराउने निर्णय गरियो।

६. ईलाका प्रहरी कार्यालय बगनाहा, भुरिगाउँ बर्दियाले उक्त कार्यालय अन्तर्गतका र यस नगरपालिका क्षेत्रभित्र रहेका प्रहरी चौकी बगनाहा, बकुवा र ठाकुरद्वारालाई नियमित कामकाज तथा गस्तिका लागि तीन थान मोटरसाइकल अति आवश्यक परेको हुँदा उपलब्ध गराइदिनुहुन भनी अनुरोध गरेको र ठाकुरबाबा नगरपालिका मानव वन्यजन्तु द्वन्द्व, विपद् तथा दुर्घटना उच्च हुने, राजमार्गसँग जोडिएको र पर्यटकीय नगरपालिका समेत भएको हुँदा यस नगरपालिकाको नाममा दर्ताश्रेष्ता कायम रहेका तीन वटा सरकारी मोटरसाइकल आवश्यक प्रक्रिया पूरा गरी ईलाका प्रहरी कार्यालय बगनाहा, भुरिगाउँ बर्दियालाई हस्तान्तरण गर्न निर्देशन दिने निर्णय गरियो।

७. ठाकुरबाबा नगरपालिकाले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन तथा प्रमाणीकरण गरी मिति २०७९।१२।१० गते बसेको नगर कार्यपालिकाको १९७ औं बैठकको निर्णय सहित जिल्ला समितिमा पेश गरेको र ठाकुरबाबा नगरपालिका वडा नं. ५ मा जग्गाको नापजाँच गर्दैगर्दा साबिकको राष्ट्रिय भूमि आयोग विघटन भएको हुँदा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन सम्बन्धी कार्यविधि, २०८१ को दफा १३ मा गरिएको व्यवस्था बमोजिम ठाकुरबाबा नगरपालिकाको वडा नं. ५ को डुड्यहवा, शाहीपुर, गोविन्दपुर, बनकट्टि, खुनपुर, घुम्नाफाँटा, बनबीरपुर र तकिया टोल/बस्तीमा जग्गा नापजाँचको कार्य तत्काल अगाडि बढाइदिनका लागि भूमि समस्या समाधान आयोग, जिल्ला समिति बर्दियालाई अनुरोध गर्ने निर्णय गरियो।

८. ठाकुरबाबा नगरपालिकाको आ. व. २०८१।०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा "सैनवार चोकदेखि हुलाकी राजमार्ग जोड्ने बाटो वडा नं. ४" शीर्षकमा रु. १०,००,०००।- (अक्षरुपी दस लाख) बजेट विनियोजन गरिएको तर उक्त सडकलाई नगरपालिकाको चार लेनको नमूना सडकको रुपमा निर्माण गर्नका लागि लागत अनुमान तयार पार्दा रु. ५,८४,५१,२१९।- (अक्षरुपी पाँच करोड चौरासी लाख एकाउन्न हजार दुई सय उन्नाईस रुपैयाँ) बराबरको लागत अनुमान तयार भएको हुँदा अपुग हुन आउने रकम आगामी आर्थिक बर्षको वार्षिक बजेट तथा कार्यक्रममा अनिवार्य रुपमा व्यवस्थापन गर्ने प्रतिबद्धता सहित खरिद प्रक्रिया अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो।

९. मिति २०८१।०२।०९ गतेदेखि ११ गतेसम्म काठमाडौंमा सञ्चालन हुन गइरहेको "बुद्ध इन्टरनेशनल टुरिज्म मार्ट" मा यस नगरपालिकाको पर्यटन क्षेत्रको प्रचार प्रसार तथा प्रवर्द्धन गर्न यस नगरपालिकाबाट उक्त कार्यक्रममा सहभागिताका लागि श्री पर्यापर्यटन विकास मञ्च, ठाकुरद्वारा बर्दियासँग चालु आर्थिक बर्षको "पर्यटन प्रवर्द्धन प्रचारप्रसार र संघसंस्थासँग साझेदारीमा विभिन्न कार्यक्रम कार्यक्रम सञ्चालन" शीर्षकमा विनियोजित बजेट रू. १,५०,०००।- (अक्षरुपी एक लाख पचास हजार) मा सम्झौता गरी उक्त संस्थालाई पेश्की स्वरुप रू. १,००,०००।- (अक्षरुपी एक लाख) उपलब्ध गराउने निर्णय गरियो।

नारायण प्रसाद ढकाल
प्रशासकीय अधिकृत

१०. नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०८२।०१।०१ गते नेपाल राजपत्रमा प्रकाशन भएको सूचना बमोजिम यस नगरपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन कार्यालयलाई कोषमा सुचिकृत गर्ने र इच्छुक करार सेवाका कर्मचारीहरुलाई कोषमा आवद्ध हुन सुचित गरि सो बापत हाललाई यस आ.ब. २०८१।०८२ का लागि "कर्मचारीको योगदानमा आधारित निवृतिभरण तथा उपदान कोष खर्च (करार कर्मचारी समेत)" शिर्षकबाट साझेदारी गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत